Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
प्रधान कार्यालय एल एस कम्प्लेक्स, थापाथली, काठमाण्डौ

# घातक रोग पूरक करार

पूरक करार नं. .............

पूरक करारको बीमाङ्क रु ५,००,०००/- (रु. पाँच लाख रुपैया)

यस पूरक करारनामाको लागि बीमालेखमा उल्लेख भए बमोजिमको बीमाशुल्क (घातक रोग समेतको) कम्पनीलाई भुक्तानी भैसकेको र बीमित जीवन बीमा प्रस्ताव फारममा उल्लेख गरे भन्दा अन्य कुनै खतरनाक (बढी जोखिमपूर्ण) उद्यममा लागेको छैन र उक्त प्रस्ताव फारमका साथै व्यक्तिगत स्वास्थ्य विवरण र मेडिकल जाँच रिपोर्टमा उल्लेख गरिएको विवरण सही हुनुका साथै यो पूरक करारनामा जारी भएको वा पूनर्जागरण गरिएको ३० दिनको प्रतिक्षा अवधि पश्चात बीमितलाई तल उल्लेखित तथा यसै साथ संलग्न रहेका घातक रोगको परिभाषा अन्तर्गत परिभाषित कुनै घातक रोग लागेको पहिचान भएमा साथै घातक रोगको पहिचान भएको ३० दिन सम्म बीमित जिवित रहेमा तपशिल बमोजिम शर्तहरुको अधिनमा रही घातक रोग वापतको बीमाङ्क रकम बीमितलाई भुक्तानी गरिने छ । एउटा सुविधा वापतको रकम भुक्तानी गरिसके पश्चात यो पूरक करारको अन्त्य हुनेछ । तर रोग पहिचान गरेको ३० दिन भित्र बीमितको मृत्यु भएमा यस सुविधा वापतको थप रकम भुक्तानी दिईने छैन ।

यो पूरक करारलाई बीमालेख साथ नत्थी गरी राख्नु पर्नेछ र यसलाई बीमालेखको अभिन्न अङग मानिनेछ र बीमालेखको अनुसूचीमा यसको क्रमाङ्क उल्लेख भएमा वा बीमालेखको सम्पुष्टी खण्डमा जनाइएमा मात्र यो पूरक करारको कानूनी मान्यता हुनेछ ।

१. क्यान्सर

२. मृगौला फेलियर

३. प्राइमरी पल्मनरी आर्टेरीयल हाइपरटेन्सन

४. मल्टिपल स्कलरोसिस

५. महत्वपूर्ण अंग प्रत्यारोपण

६. कोरोनरी आटरीयल बाइपास ग्राफ्ट

७. अयोर्टा ग्राफ्ट सर्जरी

८. मुटुको भल्भको सर्जरी

९. स्ट्रोक

१०. पहिलो हृदयघात

११. कोमा

१२. पूर्ण अन्धोपन

१३. प्यारालाइसिस

१४. बेनाइन ब्रेन ट्युमर

१५. दुर्घटनाको कारणले टाउकोमा भएको गम्भिर चोटपटक (Major Head Trama)

## परिभाषा:

### १. रोग पहिचान भएको (Diagnosed)

रोग पहिचान भएको भन्नाले पूरक करारमा उल्लेखित घातक रोगको लागी निश्चित गरिएको प्रमाणको आधारमा वा रोग संग सम्बन्धित विकिरण शास्त्रीय (Radiological), प्रयोगशाला (Laboratory) प्रमाण वा कम्पनीलाई स्वीकार्य हुने अन्य रोग एकिन हुने प्रमाणका आधारमा चिकित्सक द्वारा गरिएको अन्तिम रोग पहिचान (Diagnose) लाई बुझाउछ । रोग पहिचानको उपयुक्तता वा सत्यता सम्बन्धमा बीमितले पेश गरेको प्रमाणहरुलाई कम्पनीद्वारा चिकित्सा क्षेत्रमा कार्यरत विशेषज्ञ लाई जाँच गराउन सकिने छ र उक्त विशेषज्ञको राय बीमित तथा कम्पनी दुवैलाई हुनेछ

### २. चिकित्सक

चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई Medical Practitioner को प्रमाणपत्र प्राप्त गरेको चिकित्सकको रुपमा कार्य गर्ने व्यक्ति लाई बुझाउने छ ।

## ३. रक्षावरण गरिएको घातक रोग

यस पूरक करार अन्तर्गत माथि उल्लेखित तथा यसै साथ संलग्न अनुसूचिमा परिभाषित गरिएका मात्र रक्षावरण गरिएका घातक रोग भनी बुझाउने छ ।

## ४. निको नहुने (Irreversible)

निको नहुने भन्नाले उपलब्ध चिकित्सकीय औषधि उपचार तथा शल्यक्रिया गर्दा समेत कुनै सुधार नहुने रोगलाई जनाउँछ ।

## ५. स्थायी (Permanent)

स्थायी भन्नाले जीवन अवधि भर अर्थात सधैको लागि रहि रहने भन्ने जनाउँछ ।

# घातक रोग अन्तर्गत विशेष शर्तहरु

## १. प्रतिक्षा अवधि (Waiting Period)

प्रतिक्षा अवधि भन्नाले बीमालेख जारी गरेको वा पुनर्जागरण गरिएको मिति देखि ३० दिनको अवधिलाई बुझाउँछ ।
बीमालेख जारी गरेको वा पुनर्जागरण गरिएको ३० दिनको प्रतिक्षा अवधि भित्र रोगको पहिचान भएमा यो एच्छिक सुविधा बापतको रकम भुक्तानी दिइने छैन र यो पूरक करार रद्द गरिने छ तर मुख्य बीमालेख चालु रहिरहनेछ ।

## २. जीवित अवधि (Survival Period)

बीमालेखको साथै संलग्न पूरक करार चालुरहेको अवस्थामा ३० दिनको प्रतिक्षा अवधि पश्चात रोग पहिचान भएको ३० दिन सम्म बीमित जीबित रहेमा एच्छिक सुविधा (Critical Illness) अन्तर्गत पहिचान भएको रोग वापतको बीमाङ्क रकम बीमितलाई भुक्तानी गरिनेछ तर रोग पहिचान भएको ३० दिन भित्र बीमितको मृत्यु भएमा यस सुविधा बापतको थप रकम भुक्तानी दिइने छैन तर मुख्य बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने रकम भने ईच्छाइएको व्यक्तिलाई भुक्तानी गरिनेछ ।

## ३. मुल्याङ्कन अवधि (Assessment Period)

मुल्याङ्कन अवधि भन्नाले बीमितको स्वास्थ्य अवस्थाको बारेमा यही नै हो भनि निर्क्यौल गर्नु पूर्व उसको स्वास्थ्यको जाँचबुझ गर्ने अवधि हो । यो मूल्याङ्कन अवधि सम्बन्धी रोगको परिभाषा उल्लेख गरे बमोजिमको न्यूनतम अवधि वा १२ महिनामा जुन कम हुन्छ सोही बमोजिम हुनेछ जुन सम्पूर्ण प्रमाणहरुको आधारमा तय गरिन्छ ।

## ४. चिकित्सकीय संरक्षण सहितको स्थायी रुपमा स्नायुमा भएको क्षति (Permanent Neurological deficit with Persisting clinical symptoms)

स्नायु प्रणालीको कार्यमा देखा पर्ने अवरोध जुन बीमितको जीवन अवधिभर नै रहि रहन्छ र जसलाई विभिन्न चिकित्सकीय माध्यमबाट गरिने जाँचबाट प्रमाणित गरिन्छ । यसमा देखा पर्ने लक्षणमा झमझमाउने, पक्षघात हुने, शरिरको अंगहरुमा हुने कमजोरी, बोल्नमा, निल्नमा, हेर्नमा, हिड्नमा कठिनाई हुनु, छारेरोग, पागलपन, बेहोशीमा बरबराउने र कोमा आदी जस्ता रोगहरु पर्दछन् ।

## ५. व्यतित पूरक करार कृयाशिल हुने अवस्था

यो पूरक करार बीमालेखको शर्तहरुको अधिनमा रहनेछ । तर बीमाशुल्क भुक्तानी नै बीमालेख चालु नभएसम्म वा व्यतित भएको भए पूनर्जागरण नभए सम्म यो पूरक करार लागु हुने छैन ।

## ६. समावेश नहुने जोखिमहरु (Exclusions)

Critical Illness Benefit अन्तर्गत प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने निम्न जोखिमहरु रक्षवरण गर्ने छैन:.

(क) रक्षावरण गरिएको घातक रोगको दाबी गर्दा यदी बीमित एड्स (AIDS: Acquired Immune Deficiency Syndrome) संक्रमित भनि पहिचान (Diagnosed) भएको पाइएमा, एच.आई. भी. (HIV: Human Immune Virus) संक्रमण भएको पहिचान (Diagnosed) भएको पाइएमा ।

(ख) बीमा जारी गर्नु अथवा पुनर्जागरण गर्नु भन्दा पहिला (पूर्व बिद्यमान वा जन्मजात) कुनैपनि रोग भएमा र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उक्त रोगको कारणबाट दावी परेमा उल्लेखित घातक रोग अन्तर्गतको कुनैपनि रकम भुक्तानी गरिने छैन । पहिलानै भएको रोग अर्थात (Pre Existing Illness) भन्नाले बीमा गर्ने व्यक्तिलाई आफुलाई भएको रोग वारे निम्न प्रकारको जानकारी भएको:-

(१) बीमितले बीमा जारि गर्नु पूर्व कुनै रोगको उपचार गरेको वा उपचार गराइरहेको भए ।

(२) औषधी सेवन, उपचार सम्बन्धी सुझाव, कुनै रोगको पहिचान अथवा उपचारको लागि चिकित्सकीय सल्लाह सुझाव लिएको ।

(३) कुनै अस्वस्थता वा फरक प्रकारको लक्षण देखा पर्ने वा रोगको लक्षण देखिएमा ।

(४) रोगको लक्षण विद्यमान रहेको र बीमितलाई सो कुराको विवेक संगत ज्ञान भएको शारीरिक अवस्थालाई बुझाउनेछ ।

(ग) जानीबुझी वा अन्जानमा लागू पदार्थ अथवा मादक पदार्थ सेवनको कारण भएको हानी ।

(घ) बीमितद्वारा कुनैपनि मानव अंगहरुलाई दान गरेमा ।

(ङ) आत्महत्या प्रयासको कारणबाट उत्पन्न घातक रोगहरु ।

(च) चिकित्सकको सल्लाह विपरीतको कार्यबाट उत्पन्न घातक रोगहरु ।

(छ) कुनै घोषित वा अघोषित युद्ध जस्ता कार्यहरु हुलदङ्गा, नागरिक अशान्ति, विद्रोह, आक्रमण वा आतङ्कवादमा सहभागी भई उत्पन्न घातक रोगहरु ।

(ज) कावा खाने खेल (व्हील रेश, घोडदौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग, मोटरसाइकल दौड, पोलो, शिकार, स्कुवा ड्राइभिङ्ग, पर्वतारोहण, निशानावाजी गर्दा वा मान्यता प्राप्त हवाई सेवाद्वारा सञ्चालित उडान गर्दा बाहेक अन्य उडान गर्दा उत्पन्न घातक रोगहरु ।

(झ) जङ्गी कानून उल्लंघन गर्दा उत्पन्न घातक रोगहरु ।

(ञ) फौजदारी अपराध वा कानून विपरित कुनै कार्यबाट उत्पन्न घातक रोगाहरु ।

(ट) बीमित कुनै पनि मुलुकको प्रहरी, स्थल सेना, जलसेना वा वायुसेनामा कार्यरत रहँदा उत्पन्न घातक रोगहरु ।

(ठ) आणविक प्रदुषण (Nuclear Contamination), रेडियोधर्मी विकिरण (Radioactive Rays), विस्फोटक वा खतरनाक प्रकृतिका आणविक सामाग्रीद्वारा उत्पन्न हुने घातक रोगहरु ।

(ड) मूल बीमालेखले रक्षावरण नगरेका जोखिमहरु भएमा ।

## ७. स्वत: खारेजी

देहायको अवस्थामा यो पूरक करारनामा स्वत: रद्द भई यस बारे कुनै कारबाही हुने छैन ।

(क) बीमालेख वा पूरक करारनामा अन्तर्गत तिर्नु पर्ने कुनै बीमाशुल्क भुक्तान नगरी बीमालेख व्यतित भएमा ।

(ख) यस पूरक करारनामा अन्तर्गतको बीमाङ्क रकमको सुविधा पहिला नै उपभोग गरिसकेमा ।

(ग) बीमालेख चालु नरही चुक्ता अवस्थामा बदलिएमा वा अन्य कारणबाट खारेज भएमा ।

## ८. घातक रोग सुविधाको बीमाङ्क निर्धारण

यस पूरक करार अन्तर्गतको घातक रोग सुविधा कार्यान्वयनको लागि रु. ५,००,०००/- (अक्षरुपी पाँच लाख) रकम मात्र भुक्तानी गरिनेछ ।

## ९. दाबी सूचना

घातक रोगको पहिचान भएको मिति बाट ३० दिन भित्र दाबीको लिखत सूचना कम्पनीलाई दिनुपर्नेछ । कम्पनीले माग गरे अनुसारको चिकित्सकीय प्रमाण सहित घातक रोग वा शल्यक्रियाको लिखत प्रमाण त्यस्तो घातक रोग पहिचान वा शल्यक्रिया सम्पन्न भएको ३० दिन भित्र पेश गर्नुपर्नेछ । कम्पनीलाई यथा सम्भव छिटो दाबीको सूचना दिनुपर्नेछ ।